सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

✆ अध्यक्ष -९८०७९२८५५५
✆ उपाध्यक्ष -९८५२६८११७१
✆ प्र. प्र. अ.-९८५२६६०१५३

सूचना नं. ४३-२०७७/०७८

मिति: २०७८/०२/२५

सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साब्लाखु, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल

**बिषय: उपचार राहत प्याकेज सम्बन्धमा।**

प्रस्तुत बिषयमा यस गाउँपालिकामा बसोबास गर्ने सिदिङ्वा बासिहरुमा कोरोना संक्रमित भई होम आइसोलेसनमा बस्नुपर्दा वा अन्य अस्पतालमा उपचारको लागी जानुपर्ने भएमा देहाय बमोजिमको **उपचार राहत प्याकेज** उपलब्ध गराउने व्यहोरा संबन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**<u>देहाय:</u>**

१. कोरोना संक्रमित व्यक्तिहरु होम आइसोलेसनमा बस्दा यस गाउँपालिका अन्तर्गतको स्वास्थ्य शाखाद्वारा माक्स स्यानिटाइजर सहित होम आइसोलेसन किट मार्फत फस्ट लाइनको औषधीहरु उपलब्ध गराउने।

२. कोभिड १९ संक्रमण पुष्टि भै होम आइसोलेसनको पुर्ण पालना गरेको अवस्थामा निज व्यक्तिलाई रोग प्रतिरोधात्मक क्षमता प्रवर्द्धनका लागी पोषणयुक्त खाना खाने प्रयोजनार्थ वडा निगरानी समुह र संबन्धित वडामा रहेको स्वास्थ्य चौकीको सिफारिसमा कोरोना पुष्टी भएको १० दिन पछि नगद रु. ५,०००/- उपलब्ध गराउने।

३. होम आइसोलेशनमा बाट उपचारको लागी सिदिङ्वा गाउँपालिका ४ नं. वडामा रहेको कोभिड १९ अस्पताल लगायत अन्य अस्पतालमा रेफर भई उपचारको लागी जानु परेमा गाउँपालिकाको एम्बुलेन्सले नि:शुल्क पुर्याउने वा त्यो संभव नभएमा आफै गाडी व्यवस्था गरी गएको खण्डमा गाडी भाडा बापतको रकम (यातायात खर्च) उपलब्ध गराउने।

४. होम आइसोलेशनमा वा सिदिङ्वा गाउँपालिका ४ नं. वडामा रहेको कोभिड १९ अस्पतालमा उपचार हुन नसकी रेफर भई अर्को अस्पतालमा उपचार गराउनु जानु परेमा औषधी उपचार खर्च बापत बिल भरपाईको आधारमा अधिकतम रु. ५०,०००/- (अक्षेरुपी रु. पचास हजार मात्र) रकम उपलब्ध गराउने।

जीवन कुमार ताम्लिङ
का.वा. अध्यक्ष

का.वा. गा.पा. अध्यक्ष